# उदयपुरगढी गाँउपालीका

## गाँउ कार्यपालीकाको कार्यालय उदयपुर

## आ.व. २०७७/७८ को प्रथम चौमासीक समीक्षा

मितिः २०७७ फाल्गूण ६ गते

स्थान गाँउपालीकाको सभाहल


प्रस्तुतकर्ता

माधव सुवेदी

प्रमूख प्रशासकिय अधिकृत

# गत आ.व.२०७७/७८ को वजेटको समग्र

**सोच:**

समग्र विकासका एकीकृत संयोजन र परिचालन मार्फत गाँउपालीकाको समृद्धी , खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै गाँउपालीकालाई विकशीत ,आधुनिकीकरण मार्फत समग्र आर्थिक विकासमा टेवा पुर्याउने दीर्घकालिन सोंचका साथ यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

## लक्ष्य :

क) ब्यबसायीक कृषि , खाद्य सुरक्षा दिगो विकास मार्फत जनजीवनलाई सहज तुल्याउने ।
ख) गाँउपालिका भित्रका शैक्षीक पुर्वाधार संरचना तथा गुणस्तरमा सुधार ल्याउने ।
ग) कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरि आत्मनिर्भरता तथा आपूर्तिमा सहजता ल्याउने ।
घ) स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई आधुनिक र गुणस्तरीय वनाउने ।
ङ) स्थानीय स्रोत, साधनको खोजी तथा दिगो उपयोग गर्ने ।

# उदेश्य :

- विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमणको रोकथाम तथा नियन्त्रण गर्नु,
- भौतिक पूर्वाधार तथा मानवीय संसाधनको विकास गर्दै स्रोतसाधानको अधिकतम उपयोग गरी समृद्ध, समुन्नति, शान्तिपूर्ण गाउँपालिका स्थापना गर्नु,
- लक्षित समूह/वर्गहरुको विकासका लागि समावेशी, समानुपातिकको आधारमा सशक्तिकरण गराउँदै लैजानु,

**अपेक्षीत उपलब्धी :**

क) स्थानीय सडक, भवन, विदयुत, सञ्चार, कृषि, शिक्षा लागयतका पूर्वाधारको दिगो विकास भएको हुनेछ ।

ख) गाउँपालिकाको विकासको लागि यस वर्षको बजेटले विकासको आधारशीलालाई थप मजवुत बनाउने छ र तिव्र आर्थिक सामाजिक विकास भएको हुनेछ ।

ग) गाउँपालिका क्षेत्रको तत्कालिन आवश्यकता पूरा भएका हुनेछन भने दीर्घकालिन योजनाहरु बनेका हुनेछन्

घ) स्थानीय साधन स्रोतहरुको खोजी भई दिगो उपयोग भएको हुनेछ ।

ङ) लक्षित वर्ग क्षेत्रका मानिसहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका हुनेछन् ।

च) पर्यटन क्षेत्रको विकास मार्फत आयस्तर वृद्धि भएको हुनेछ ।

छ) स्थानीय सरकारको सेवा प्रवाह शुसासनमैत्री भएको हुनेछ ।

## बजेट तर्जूमाका प्रमूख निति तथा आधारहरु

क) सहभागितामूलक योज़ना तर्जुमा पद्धति अनुसार वस्ती तथा टोलहरुबाट योजना तथा कर्यिक्रम संकलन गरिएको थियो ।

ख) उक्त मागहरुलfई सवै वडा समितिले अन्तिम रुप दिई प्राप्त बजेट सिलिंग र मार्गदर्शनका परिधि भित्र रही योजना तथा कार्यक्रमहरु गाउँकार्यपालिका कार्यालयमा पेश गरियो ।


ग) गाउँकार्यपालिकाले गठन गरेको बजेट तथा कार्यक्रम तुर्जमा समितिले वडास्तरबाट आएका मागसाथै गाउँपालिका क्षेत्रमा आवश्यक योजना तथा कार्यक्रमहरु समावेस गरी अन्तिम रुप दिई गाउँ कार्यपालिका वैठकमा पेश गरियो ।

घ) गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभा वैठकमा पेश गरिएको छ

ङ) जनताको प्रत्यक्ष सहभागिता तथा विषयगत समितिमा व्यापक सहभागिता, छलफल र सहमतिमा यो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

# आ.व.२०७७।७८ को वजेटको समग्र अबस्थामा क्षेत्रगत

| आय तर्फ | रु. हजारमा | प्रतिशतमा |
|---|---|---|
| आर्थिक विकास तर्फ | २०००० | ३.१२ |
| सामाजीक विकास तर्फ | ३९७७५ | ६.२१ |
| पूर्वाधार विकास तर्फ | १३५८६५ | २१.२१ |
| वन वातावरण तथा विपद ब्यबस्थापन तर्फ | ११२०० | १.७५ |
| सुशासन संस्थागत विकास तर्फ | १०९३० | १.७१ |
| चालु तर्फ | ९८७९८.९४ | १५.४३ |
| संघवाट प्राप्त सशर्त अनुदान तर्फ | २२२१०० | ३४.६८ |
| प्रदेशबाट प्राप्त समपूरक | १०००० | १.५६ |
| सामाजीक सुरक्षा कार्यक्रमामा खर्च हुने | ८५००० | १३.२७ |
| प्रदेशवाट प्राप्त शसर्त | १०० | ०.०२ |
| बहु क्षेत्रीय पोषण | १६६७ | ०.२६ |
| जि.स.स.वाट प्राप्त | ५००० | ०.७८ |
| जम्मा ब्यय तर्फ रु. | ६४०४३५.९ | १०० |


शिर्षक
आर्थिक विकास
सामाजीक विकास
पूर्वाधार विकास
बन वातावरण तथा विपद ब्यवस्थापन
सुशासन संस्थागत विकास
चालु
संघवाट प्राप्त शसर्त
प्रदेशबाट प्राप्त समपूरक
सामाजीक सुरक्षा कार्यक्रम
प्रदेशवाट प्राप्त शसर्त
बहु क्षेत्रीय पोषण
जि.स.स.वाट प्राप्त
१%
०%
०%
३%
६%
१३%
२%
२१%
२%
२%
३५%
१५%

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
# (वित्तीय समानिकरण तर्फको खर्च)

| समानीकरण वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | २९७७५.० | ८५.२ | ०.२८ |
| सामाजिक विकास | ४९३९०.० | १९५९.७३ | ३.९७ |
| पूर्वाधार विकास | ६२०८५.० | २५१३.२० | ४.०५ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ४३००.० | ११९.८ | २.७९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९५०.० | ७४९.० | ८.३६ |
| जम्मा ब्यय तर्फ रु. | १५४५००.० | ५४२६.९३ | ३.५१ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
## (शसर्त तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ८०००.० | २५०.० | ३.१३ |
| सामाजिक विकास | २१०२००.० | ३६३७३.६५ | १७.३ |
| पूर्वाधार विकास | ० | ० | ० |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ३९००.० | ३१६.५४ | ८.११ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ० | ० | ० |
| जम्मा ब्यय तर्फ रु. | २२२१००.० | ३६९४०.१९ | १६.६३ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
## (अल्या र आन्तरीक श्रोत तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | १७५०.० | ० | ० |
| सामाजिक विकास | ७३४.० | ० | ० |
| पुर्वाधार विकास | ८२०८८.०३ | ७८८८.६७ | ९.६१ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ४३५.० | ० | ० |
| जम्मा ब्यय तर्फ रु. | ८५००७.०३ | ७८८८.६७ | ९.६१ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
# (राजश्व वाँडफाँड तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ० | ० | ० |
| सामाजिक विकास | ० | ० | ० |
| पूर्वाधार विकास | १५००.० | ० | ० |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९७२९८.९४ | १३९८८.९८ | १४.३८ |
| जम्मा ब्यय तर्फ रु. | ९८७९८.९४ | १३९८८.९८ | १४.३८ |

# आ.व.२०७७।७८ को वजेटको समग्र खर्च अबस्था
# (प्रदेश समानीकरण तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| पूर्वाधार विकास | ४८००.० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २४७०.० | ० | ० |
| जम्मा ब्यय तर्फ रु. | ७२७०.० | ० | ० |

# विषयगत क्षेत्र चौमासीक समिक्षा

## क) आर्थिक क्षेत्र :

➢ कृषि तथा पशु पन्छी शाखा अन्तर्गतका अनुदानका कार्यक्रमको लागि सुचना आहान गरिएको । गाँउपालीकाको सहकारी ऐन अन्तर्गत वडा नं. ७ मा उदयपुरगढी शान्ती कृषि सहकारी संस्था दर्ता लगायतका नियमन गर्ने कामहरु सम्पन्न भएको ।

उदयपुरगढी गाँउपालीका
**गाँउ कार्यपालीकाको कार्यालय**
**पशुपन्छी विकास शाखा,उदयपुरगढी**
अनुदानमा पशुपन्छी विकास कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने बारेको सुचना
**प्रथम पटक प्रकाशीत मिति २०७७।५।२८**

यस उदयपुरगढी गाँउपालीकाको आ.व.२०७७७८ मा सञ्चालन गरिने तपसिल बमोजीमका कार्यक्रमहरु सञ्चालनमा देहाय बमोजीमको अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा तपसिलको तालीकामा समावेश कार्यक्रमहरु मध्ये कुनै एक वा एक भन्दा वढी कार्यक्रम सञ्चालन गर्ने ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारीले यो सुचना प्रकाशीत भएको मितिले ३० दिन भित्र देहाय अनुसारको कागजातहरु सहितको निवेदन यस गाँउपालीकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरीएको छ ।

| क्र.सं | माग गर्न सकिने कार्यक्रम | साझेदार र उपलब्ध गराईने अनुदान रकम | आवेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|
| १ | विउ रागो विउ साडे वितरण कार्यक्रम ढुवानि अनुदान कृषकले समुहले व्यहोर्ने | कम्तीमा २५ प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ५० हजार प्रति विउ रांगो र साँढे कृषक उद्यमी | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी ,युवा उद्यमी, व्यवसायीक कृषक । |
| २ | वडाको साझेदारीमा कृषि तथा पशु फर्मलाई सत प्रतिशत बोयर बोका अनुदानमा वितरण | वडा कार्यालयको साझेदारी कार्यक्रम सहित कम्तीमा २५ प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २ लाख प्रति सत प्रतिशत बोयर बोका | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी ,युवा उद्यमी, व्यवसायीक कृषक । |
| ३ | माछा पालनका लागि पोखरी निर्माणमा अनुदान सहयोग कार्यक्रम | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ४ लाख गा.पा. भरि | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, व्यवसायी उद्यमी |
| ४ | तावा खोला करीडरमा दुग्ध व्यवस्थापनका लागि दुग्ध डेरी निर्माण सहयोग कार्यक्रम ८० प्रतिशत गा.पा. र २० प्रतिशत समूह/सहकारी | कम्तीमा २० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २ लाख | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, व्यवसायी उद्यमी |
| ५ | कृषकहरुलाई दुग्ध क्यान वितरण ८० प्रतिशत अनुदानमा | कम्तीमा २० प्रतिशत खर्च साझेदार अनुदानग्राही कृषकहरुले व्यहोर्नुपर्ने संख्या २० को अनुदान रकम बढिमा ५० हजार | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, व्यवसायी उद्यमी |
| ६ | बोयर श्रोत केन्द्रलाई खोर निर्माण बोका खरिद अनुदान | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २ लाख प्रति सत प्रतिशत बोयर बोका/ खोर निर्माण | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, व्यवसायी उद्यमी, बाखा श्रोत केन्द्र |
| ७ | युवा स्वरोजगार युवा लक्षित नमुना बाखा पालन खोर निर्माण सुधार बाखा प्रवद्धन कार्यक्रम अनुदान ५० पचास प्रतिसत लागत साझेदारि | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ५० हजार | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| ८ | कृषक स्वरोजगार कृषक लक्षित नमुना बंगुर साना खोर पालन खोर निर्माण सुधार प्रवद्धन कार्यक्रम ५० पचास प्रतिसत लागत साझेदारि | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ५० हजार | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| ९ | प्रत्येक वडामा विदेशबाट फर्किएर आएका यूवाहरु लक्षीत गरेर नमूना पशु विकास फर्म निर्माण सहयोग २५ प्रतिशत कृषक लागत साझेदारीमा | कम्तीमा २५ प्रतिशत खर्च साझेदार अनुदानग्राही यूवा कृष्काले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ५० हजार | कोभीड १९ का कारणले रोजगारी गुमाई विदेशबाट नेपाल फर्कि आउने यूवाहरु |

आवश्यक कागजातहरु :
१. कार्यविधि अनुसार कार्यक्रम सञ्चालन प्रस्तावना १ प्रति
२. कृषि फर्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र, संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि
४. सम्बन्धीत वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयूक्त हुने व्यहोरा लेखीएको सिफारीस पत्र/आवश्यक पर्ने भएमा
५. सम्बन्धीत कृषक समुहमा आबद्ध भएको समुहको सिफारीस पत्र
६. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्षका लागि लिजमा लिएको खुल्ने सक्कल कागजात सहित सम्बन्धीत वडा कार्यालयको सिफारीस पत्र
७. कोभीड १९ का कारणले रोजगारी गुमाई विदेशबाट नेपाल फर्कि आउने यूवाहरुको हकमा सम्बन्धीत वडा कार्यालयको देश सहित खुलेको सिफारीस पत्र

**द्रष्टव्य : निवेदन र प्रस्ताव यस गाँउपालीका पशु विकास शाखाले तयार गरेको निर्दिष्ठ ढाँचामा पेश गर्नुपर्नेछ । निवेदन र कार्यक्रम माग सम्बन्धी प्रस्तावको ढाँचा यस गाँउपालीकाको पशु विकास शाखा वा सम्बन्धीत वडा कार्यालयहरुबाट लिन सकिनेछ ।**

थप जानकारीका लागि सम्पर्क :
उदयपुरगढी गाँउपालीकाको कार्यालय
पशुपन्छी विकास शाखा, उदयपुरगढी, उदयपुर
सम्पर्क नं. ९८६१८०७४४०, ९८५२८३५२७८

७७।५।२८
माधव सुवेदी
प्र.प्र.अ.

उदयपुरगढी गाँउपालीका
**गाँउ [illegible] कार्यालय**
कृषि [illegible] उदयपुरगढी
अनुदानमा कृषि कार्यक्रम [illegible] आवेदन पेश गर्ने बारेको सुचना
प्रथम पटक [illegible] २०७७।५।२८

यस उदयपुरगढी गाँउपालीकाको आ.व.२०७७७८ मा सञ्चालन गरिने तपसिल बमोजीमका कार्यक्रमहरु सञ्चालनमा देहाय बमोजीमको अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा तपसिलको तालीकामा समावेश कार्यक्रमहरु मध्ये कुनै एक वा एक भन्दा वढी कार्यक्रम सञ्चालन गर्ने ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारीले यो सुचना प्रकाशीत भएको मितिले ३० दिन भित्र देहाय अनुसारको कागजातहरु सहितको निवेदन यस गाँउपालीकाको कार्यालय कृषि विकास शाखामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरीएको छ ।

| क्र.सं | माग गर्न सकिने कार्यक्रम | साझेदार र उपलब्ध गराईने अनुदान रकम | आवेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|
| १ | उन्नत विउ विजन, उत्पादन सामाग्रीहरुमा सहयोग ( धान, मकै, गहु विउहरुमा) ८० प्रतिशत अनुदान | कम्तीमा २० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा ८० हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| २ | वडा कार्यालयको सिफारीस र समुहको मागको आधारमा मकै खेति विस्तार कार्यक्रम | कम्तीमा २० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा ८० हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| ३ | सामूहीक खेतिाचक्ला वन्दी खेति प्रवर्द्धन कार्यक्रम | वढीमा १ लाख सम्म मात्र | ईच्छुक कृषक समुह, कृषि सहकारी |
| ४ | प्रागारीक खेति प्रवर्द्धन कार्यक्रमका लागि कृषि फर्महरुलाई सहयोग | कम्तीमा ५० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा ५० हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, युवा उद्यमी |
| ५ | कृषक समुह, सहकारी तथा फर्मसंगको साझेदारीमा बाँझो जग्गाहरुमा फलफूल खेति प्रवर्द्धन कार्यक्रम | वढीमा १ लाख सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| ६ | च्याउ खेति विस्तार तथा प्रवर्द्धन कार्यक्रम | कम्तीमा ५० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा ५० हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| ७ | तरकारी विस्तार तथा प्रवर्द्धन कार्यक्रम (उत्पादन सामाग्री जस्तै प्लाष्टिक घर, थोपा सिँचाई आदी) पूर्ण अनुदान | निशुल्क | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| ८ | नमूना कृषि फर्म स्थापना सहयोग कार्यक्रम | कम्तीमा ५० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा २५ हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| ९ | कृषि औजार उपकरणमा ७५ प्रतिशत अनुदान कार्यक्रम ( पावर टिलर, मिनि टिलर, थ्रेशर, रिपर, कर्न सेलर) | कम्तीमा २५ प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा सबै कार्यक्रमको ९ लाख सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| १० | अदुवा वेसार विस्तार तथा प्रवर्द्धन कार्यक्रम | कम्तीमा ५० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा प्रति कार्यक्रमको ५० हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| ११ | एक वडा एक नर्सरी (फलफूल, तरकारी) स्थापना कार्यक्रम | कम्तीमा ५० प्रतिशत साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने वा वढीमा प्रति कार्यक्रमको ५० हजार सम्म मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, युवा उद्यमी |
| १२ | साना सिंचाई विशेष कार्यक्रम (पाईप सिंचाई, प्लाष्टिक पोखरी, कुलो मर्मत लगायत | कम्तीमा १५ प्रतिशत साझेदार रकम वा वढीमा १ लाख ५० हजार मात्र | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| १३ | यूवा लक्षीत तरकारी उत्पादन कार्यक्रम | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २५ हजार प्रति कृषक उद्यमी | युवा उद्यमी, व्यवसायीक कृषक |
| १४ | भर्मि कम्पोष्ठाप्रागारीक कम्पोष्ठ मल उत्पादन | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २५ हजार प्रति कृषक उद्यमी | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| १५ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षीत कार्यक्रम | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २५ हजार प्रति कृषक उद्यमी | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारीमा आवद्ध रहेका महिला, दलित, विपन्न वर्ग |
| १६ | प्रस्तावनामा आधारीत कृषि व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रम | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ६० हजार प्रति प्रस्तावना | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| १७. | भकारो सुधार कार्यक्रम | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले व्यहोर्नुपर्ने (भकारो सुधार कार्यविधि अनुसार) | कृषक समुहमा अवद्ध भएका कृषक उद्यमीहरु |

आवश्यक कागजातहरु :
१. कार्यविधि अनुसार कार्यक्रम सञ्चालन प्रस्तावना १ प्रति
२. कृषि फर्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र, संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि
४. सम्बन्धीत वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयूक्त हुने व्यहोरा लेखीएको सिफारीस पत्र
५. सम्बन्धीत कृषक समुहमा आवद्ध भएको समुहको सिफारीस पत्र
६. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्षका लागि लिजमा लिएको खुल्ने सक्कल कागजात सहित सम्बन्धीत वडा कार्यालयको सिफारीस पत्र

द्रष्टव्य : निवेदन र प्रस्ताव यस गाँउपालीका कृषि विकास शाखाले तयार गरेको निर्दिष्ठ ढाँचामा पेश गर्नुपर्नेछ । निवेदन र कार्यक्रम माग सम्बन्धी प्रस्तावको ढाँचा यस गाँउपालीकाको कृषि विकास शाखा वा सम्बन्धीत वडा कार्यालयहरुबाट लिन सकिनेछ ।

थप जानकारीका लागि सम्पर्क :
उदयपुरगढी गाँउपालीकाको कार्यालय
कृषि विकास शाखा, उदयपुरगढी, उदयपुर
सम्पर्क नं. ९८४९०७९३२५, ९८५२८३५२७८

७७।५।२८
माधव सुवेदी
प्र.प्र.अ.

## ख) सामाजिक क्षेत्र

स्वास्थ्य सेवा तर्फ महिला स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरि सकिएको । पालीका स्तरीय बाषिृक समिक्षा गोष्ठी, आ.व. २०७६।७७ को तेश्रो चौमासीक क्षयरोग तथा कुष्ठरोग सम्बन्धी कोहर्ट विष्लेषण कार्यक्रम सञ्चालन गरि सकिएको । स्वास्थ्य केन्द्र चौकिहरुमा आवश्यक सामग्रीको व्यवस्थापन, स्वास्थ्य केन्द्रहरुको मर्मत । खेलकुद तथा मनोरञ्जन तर्फ गा.पा स्तरिय खेलकुद वडा नं. ३ को जरुबामा भलिवल प्रतियोगीता सम्पन्न भएको । मैदान निर्माण तथा मर्मत सम्पन्न भई सकेको अवस्था छ । विभिन्न खेलकुद विकास कार्यक्रम प्रवर्द्धनका लागि खेलकुद संचालन तथा व्यवस्थापन तर्फ वाट आर्थिक सहयोग, लगायतका खेलकुद क्लवलाई आर्थिक सहयोग उपलब्ध गराईएको छ।

## ग) पुर्बाधार क्षेत्र

आ.व. २०७७।७८ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम पुर्वाधार मध्ये चारघरे साईपा परेवा झरना सडकको मर्मत तथा निर्माण कार्य सम्पन्न भएको । पुतली खोला मुहान गरी अधेरी दलेपानी कुलो लगायतका वडा स्तरीय साना सडक पुर्वाधारहरु र मर्मत, वडा स्तरिय साना सिंचाई आयोजनाहरु सम्पन्न भएका छन् ।

## घ) वन, बाताबरण तथा विपद व्यवस्थापन

आ.व. २०७७।७८ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण तर्फ श्रावण भाद्र महिनामा भएको अविरल वर्षाबाट भएको क्षति अनूरुप वडा नं. ३, ४, ६ र ७ का प्रभावित व्यत्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको । स्थानीय विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराई रहिएको ।

# ङ) सुशासन तथा संस्थागत बिकास

यस गाउँपालिकामा सेवा प्रवाहका विषयमा प्रविधि मैत्री बनाउन आधारभूत संरचनाहरु तयार गरिदै लगिएको छ, गाउँपालिकाको न्यायीक समिति, पूर्वाधारका कार्यक्रमहरुको योजनाहरु व्यवस्थीत गर्न सफ्टवेयर मार्फत सबै वडाका योजनाहरु ईन्ट्री गरी सकिएको । खोलानालाबाट नदि जन्य पदार्थहरु निकाशीका लागी प्रारम्भीक वातावरणीय परिक्षाण कार्य सम्पन्न भई मदन भण्डारी राजमार्गलाई नदिजन्य पदार्थ विक्री गरिएको अवस्था रहेको छ ।

# फोटोहरु













**चारघरे साइपा परेवा झरना सडक मर्मत तथा निर्माण लागत 18लाख,जनप्रतिनिधीवाट संयुक्त अनूगमन**

# फोटोहरु






साना सिँचाई कार्यक्रम अन्तर्गत वडा नं १ को धमीले कात्तिके हुदै लालहरी सिंचाई आयोजना लागत ३४ लाख








# गा पा द्धारा निर्मित पुर्वाधारहरुको वडा नं ३ मा अनुमगन गर्दा देखिएको दृष्यहरु








# वडा नं ३ ले आयोजना गरेको गाँउपालीका स्तरीय भलिवल प्रतियोगीताका केही दृष्यहरु

# फोटोहरु











स्वास्थ्य शाखा द्वारा गरिएका केही कार्यक्रमका झलकहरु

सुझाव एवं जिज्ञासाको लागि... उदयपुरगढी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

धन्यवाद